# भूमे गाउँपालिका रुकुम (पूर्व) को आ.व. २०७९/०८० को वार्षिक सार्वजनिक सुनुवाई प्रतिवेदन

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७९/०८० मा सम्पादन गरिएको

वार्षिक कार्यक्रमहरूको सम्बन्धमा गरिएको

## सार्वजनिक सुनुवाई कार्यक्रम

## प्रतिवेदन

## २०७९/०८०

सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगना:

संयोजन : जयमान बुढा मगर, भूमे गाउँपालिका-२ रुकुम (पूर्व) ।

**सुनुवाई गरिएका विषयवस्तुहरू :**

- नागरिक प्रतिवेदन,
- नागरिक बहिर्गमन पत्र,
- सामाजिक लेखापरीषण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइमा फरक, कानुनी व्यवस्था र सुशासन प्रवर्द्धन,
- अघिल्लो सार्वजनिक सुनुवाइमा गरिएका प्रतिवद्धताहरु,
- सुशासन तथा सार्वजनिक सेवा प्रवाहको व्यवस्थापन,
- भौतिक तथा वित्तिय प्रगति,
- आन्तरिक आय तथा राजस्व बाँडफाँडको व्यवस्था,
- उजुरी गुनासो फछ्र्यौटको व्यवस्था,
- गाउँपालिकाका मुख्य-मुख्य गतिविधिहरु नीति, नियम, कार्यविधि आदि।
- न्यायिक समितिको उजुरीको व्यवस्था,
- विद्यमान अवस्थाको समीक्षा आदि,गा.पा. प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत गरियो ।

**कार्यक्रम आयोजना स्थल : भूमे गाउँपालिका-१ लुकुम वडा कार्यालय ।**

**कार्यक्रम आयोजना गरिएको मिति र समय :**

सुरु गरिएको समय : २०८० भदौ २३ गते शनिबार दिउँसो १:०० बजे।

समापन भएको समय : २०८० भदौ २३ गते शनिबार साँझ ५ बजे ।

कार्यक्रम सञ्चालन गरिएको समयवधि (घण्टा/मिनेट) : ४: ०० घण्टा ।

**कार्यक्रम सञ्चालन रुपरेखा :**

**कार्यक्रम सञ्चालन/सहजीकरण : गोरखापत्रकर्मी श्री जयमान बुढा मगर ।**

अध्यक्षता : सहभागी सबै

आसन ग्रहण :

- भूमे गाउँपालिका अध्यक्ष श्री होमप्रकाश श्रेष्ठ
- उपाध्यक्ष श्री सविना बुढा
- प्रमुम प्रशासकीय अधिकृत श्री देविलाल विक
- १ नं. वडाध्यक्ष श्री मनकाजी पुन
- स्वास्थ्य शाखा सह संयोजक श्री सञ्जीव खड्का
- प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख श्री प्रेमप्रसाद भट्टराई
- शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख श्री कौशलकुमार तिवारी
- पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्राविधिक श्री सुनिल बुढा
- सूचना प्रविधि अधिकृत श्री जनक ओली
- प्रशासन इकाइ प्रमुख श्री चेतन बुढा मगर
- कृषि सेवा केन्द्र प्रमुख श्री विशाल पुन मगर
- पशु सेवा केन्द्र प्रमुख श्री भुपेन्द्र शाही
- सिटिजन्स बैंक भूमे शाखा मेनेजर श्री दशरथ गिरी
- गोरखा वलफेर ट्रस्ट नेपालका श्री सुबोध मुलिचा सुनुवार
- उपस्थित सबै सहभागीहरु यथास्थानमा

✓ आचारसंहिता प्रतिवद्धता बाचन

- ✓ सार्वजनिक सुनुवाइबारे जानकारी र नागरिक प्रतिवेदन बहिर्गमन अभिमत प्रतिवेदन सेवा प्रवाह सन्तुष्टिको अवस्थाबारे प्रश्नावली सर्वेक्षण प्रतिवेदन प्रस्तुति : प्र.प्र.अ. देबिलाल बिक
- ✓ अघिल्लो सार्वजनिक सुनुवाइका क्रममा भएका प्रतिवद्धताहरुको प्रतिवेदन प्रस्तुति
- ✓ सहभागीहरुबाट जिज्ञासा/गुनासो/प्रश्न/सुझाव संकलन
- ✓ सुनुवाइका क्रममा उठेका सवालमाथि सम्बन्धीत पदाधिकारीबाट जवाफ
- ✓ थप प्रश्न/जिज्ञासाका् जवाफ
- ✓ कार्यक्रम समापन : अध्यक्षता ग्रहण गर्नु भएका सहभागीबाट एक जना

## सार्वजनिक सुनुवाइ कार्यक्रममा पालना गर्नु पर्ने आचार संहिता

- सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्ने छ,
- सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्ने छ,
- सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्ने छ,
- सेवाग्राही, सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्ने समय दिनुपर्ने भएकाले बुँदागत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नुपर्ने छ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तति रोक्नुपर्ने छ,
- आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन,
- चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ,
- सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन,
- सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ,
- सुनुवाइलाई विषयान्तर हुनबाट सबै सहभागी सचेत हुनुपर्नेछ,
- प्रश्नहरु आर्थिक लेखाजोखामा केन्द्रीत भन्दा पनि सेवा प्रवाहको गुणस्तरीयता र गुणस्तर बृद्धि सम्बन्धी केन्द्रीत हुनुपर्नेछ ।

उठेका प्रश्न/जिज्ञासा र जवाफ :

मिति : २०८०/०५/२३

| क्र.सं. | प्रश्नकर्ता/गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
| --- | --- | --- | --- | --- |
| १ | ताराप्रसाद पुन भूमे १ | • बजेट अनुसार काम भएका छैन्, भुक्तानीमा किन ढिलाइ काम गर्नु हुन्छ ?<br>• पालिकाको सेवा प्रवाहमा राजनीतिक दृष्टिकोणबाट हेरेर सेवा दिइरहेको अनुभूति भइरहेको छ ? | होमप्रकाश श्रेष्ठ र देबिलाल बिक<br>(गा.पा. अध्यक्ष र प्र.प्र.अ.) | • बजेट अनुसारको काम भए नभएको अवस्थाबारे गाउँपालिकाको तर्फबाट उपाध्यक्ष र वडाको तर्फबाट वडाध्यक्षको नेतृत्वमा अनुगमन समिति मार्फत योजना अनुसारको काम भए नभएको कामबारे अनुगमन भइरहेको छ । योजना सम्पन्न हुनुभन्दा अघि प्राविधिको स्टेमेत अनुसार काम नभएमा कुल बजेटको रकम प्राविधिको मूल्याकङ्न अनुसार नीतिगत रुपमै काम गरे वापतको रकम मात्र भुक्तानी गर्ने गरिएको छ । यदि अनुगमन तथा कामको मूल्याकङ्न गर्दा गर्दै पनि बजेट अनुसारको काम नभएको पाउनु भयो भने |

| | | | | |
|---|---|---|---|---|
| | | | | वडा वा गाउँपालिकामा जानकारी गर्नु होला ।<br>• गाउँपालिका जनताको घरदैलोको स्थानीय सरकार भएकाले सम्पूर्ण गाउँपालिकावासीलाई सम्मानजनक रुपमा सेवा दिइराखेका छौं । स्थानीय सरकार सञ्चालन कानुन र कार्यविधि अनुसार काम गरिराखेका छौं । नियम, कानुन विपरित कुनै पनि राजनीतिक वा अन्य कुनै पनि दृष्टिकोणले सेवा दिइराखेका छैनौं । |
| २ | प्रकाश घर्ती भूमे १ | • भूमे १ को स्याला गाउँमा स्वास्थ्य उपचारको पहुँच देखि सारै टाढाको दुरीमा रहेको छ गाउँपालिकाको अन्य गाउँमै जस्तै आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सेवाको माग राख्दछु ।<br>• वडा सचिव एक जनाले २ वटा वडा हेर्ने जिम्मेवारी भएकाले समयमा वडामा वडा सचिवलाई पाउन नसक्दा सेवा | होमप्रकाश श्रेष्ठ, देबिलाल बिक, सञ्जीव खड्का, भुपेन्द्र शाही ।<br>(गा.पा. अध्यक्ष, प्र.प्र.अ., स्वास्थ्य सह संयोजक, पशु सेवा सेवा केन्द्रका प्रमुख) | • यस समस्या प्रति गाउँकार्यपालिकाले निर्णय गरेमा स्याला गाउँमा गाउँघर क्लिनिक राख्न सकिन्छ । उक्त क्लिनिक सञ्चालन गर्न सकिएमा सके सम्म धेरै भन्दा धेरै सेवा प्रवाह गर्ने छौं । यस विषयमा यस अधिका गाउँकार्यपालिकाको बैठकमा छलफल चलिराखेकै हो । फेरी पनि छलफल गर्छौं र कुनै न कुनै उपायबाट स्याला गाउँका लागि स्वास्थ्य सेवा दिने छौं ।<br>• विगत देखि यस |

| | | | | |
|---|---|---|---|---|
| | | पाउनमा सास्ती भइरहेको छ । एक वडा एक वडा सचिवको व्यवस्था मिलाइ दिनुपर्‍यो ।<br>• सिङ्गो वडामै सञ्चारको राम्रो पहुँच छैन् नेपाल टेलिकमको टावर निर्माणमा पालिकाले पहल गरिदिनुपर्‍यो ।<br>• गाईभैंसीमा देखा परेको लम्की स्किन रोग रोकथाम गर्न सकिन्छ कि सकिँदै, उक्त रोगलाई नियन्त्रण गर्न औषधि छैन भन्ने सुनिन्छ के हो ? | | गाउँपालिकामा स्थायी कर्मचारीको अभाव रहेकोले जसोतसो भए पनि २ वटा वडामा एक सचिव मार्फत सेवा दिनु पर्ने बाध्यत्मक स्थित रहेको छ । यस विषयमा गाउँपालिका पूर्ण रुपमा गम्भीर रहेको छ प्रदेश तथा संघीय सरकारसँग स्थायी कर्मचारीको माग गरिराखेकै छौं ।<br>• सञ्चार सुविधाको लागि पालिकाको तर्फबाट माथिल्लो तथा सम्बन्धी निकायमा माग गरिराखेका छौं ।<br>• गाईभैंसीमा देखा परेको लम्की स्किन रोग नियन्त्रणमा सुरुमा स्वयम् पशु धनीले आफ्नो पशु रोग संक्रमणबाट सचेत हुनु पर्‍यो र यदि संक्रमण भएमा गाउँपालिकामा जानकारी गराए रोग रोकथाम गर्न सकिन्छ । गत आर्थिक वर्षमा उक्त रोग नियन्त्रणको लागि औषधि उपचारको बजेट नभएकाले उपचारमा निकै कठिनाइ भएको हो । यस आर्थिक वर्षमा उक्त रोग रोकथाम तथा औषधि उपचारका लागि |

| | | | | |
|---|---|---|---|---|
| | | | | गाउँपालिकाले बजेट विनियोजन गरेको छ । |
| ३ | प्रकाश पुन र धनकुमार पुन भूमे १ | • योजना कार्यन्वयनको लागि प्राविधिकले समयसमयमा निरीक्षण नगर्दा योजना अलपत्र पर्नुका साथै स्टेमेत अनुसार काम भएको हुँदैनन्, निर्माण भइसकेपछि पछि प्राविधिक आएर निर्माण गरिएको संरचना भत्काइ दिने गरेका छन् ।<br>• बृद्धाभत्ता पाउने उमेर पुगे पनि बैंकले विभिन्न कारण देखाउँदै रोकिदिएको छ ? | सविना बुढा, सुनिल बुढामगर, दशरथ गिरी<br>(गा.पा. उपाध्यक्ष, प्राविधिक, सिटिजन्स बैंक भूमे शाखा मेनेजर) | • सकेसम्म समयसमयमा योजना निर्माण स्थलमा पुग्ने र निरीक्षण गर्ने गरेका छौं । जनशक्ति कमीले एक प्राविधिकले धेरै ठाउँमा पुग्नु पर्ने भएकोले कुनै कुनै योजना स्थलमा प्राविधिकको कम उपस्थित भइरहेको अवस्था हो । तर, प्राविधिकको स्टेमेतमा दक्ष तथा अदक्ष मिस्तरीलाई अलमल परेमा उपभोक्ता समितिले प्राविधिकलाई समयमै फोन मार्फत सम्पर्क गरेमा समस्या आउने छैनन् । निर्माण भएको संरचना स्टेमेत विपरित भएमा स्टेमेत अनुसार निर्माण गर्न सल्लाह दिने गरेका छौं ।<br>• वडाबाट निज व्यक्तिले सबै कागजात पुऱ्याएर आएमा बैंकले कुनै पनि हालतमा रोकेको छैनन्, बैंकले भन्ने बमोजिम आवश्यक कागजात जुटाएर आएमा बैंकले रोक्ने कुरै हुन्न । |
| | राजकुमार घर्ती | • एक व्यक्ति एक | मनकाजी पुन | • योजना सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| | | भन्दा बढी योजनामा उपभोक्ता समितिमा बस्ने गरेका छन्, वडाध्यक्षको ध्यान नपुगेको हो कि आफ्ना मान्छेलाई मात्र राख्ने गरेको हो ?<br>• वडाले प्राथमिकता आधारमा योजना किन बनाउन सकेको छैनन् ? | वडाध्यक्ष | गराउनमा आम वडावासीको दायित्व रहेको हुन्छ । कुनै पनि उपभोक्ता समितिमा आफ्नो मान्छेलाई राखिएको छैन । र कुनै व्यक्ति कुनै एक उपभोक्ता समितिमा बसेको भएमा उक्त योजना सम्पन्न नहँदा सम्म अर्को समितिमा राखिएको छैनन । उपभोक्ता समिति गठन गर्दा वडामा भेला बनाइ समिति गठन गर्ने गरिएको अवस्था रहेको छ ।<br>• वडाले प्राथमिकताकृ आधारमै योजना बनाइ काम गर्ने गरिएको छ । हरेक आर्थिक वर्षमा हरेक टोलमा योजना नपर्न सक्छ । यो वर्ष योजना नपरेमा अर्को वर्ष प्राथमिकताकै आधारमा योजना बनाइ बजेट विनियोजन गरिने छ । |
| ५ | जोखबहादुर विश्वकर्मा भूमे १ | • मावि लुकुममा निर्माण भएको बहुप्राविधिक शिक्षालयको भवन निर्माण गर्दा मजदुरीले ठेकेदारबाट भ्याला पाउन सकेका छैनौं | होमप्रकाश श्रेष्ठ<br>गा.पा. अध्यक्ष | • यो विषयमा पनि ठेकेदार र प्रदेश सरकारलाई पनि मजदुरीलाई भ्याला दिलाउन अनुरोध गरिराखेका छौं । थप पहल गर्ने छौं |

| | | | | |
|---|---|---|---|---|
| | | पालिकाले पहल गरिदिनुपर्‍यो । | | |

## मन्तव्यमा समावेश भाव र प्रतिवद्धताहरु :

**प्रमुख प्रशासकीय अधिकृत श्री देबिलाल बि.क.**

सेवा प्रवाहको अवस्थाबारे सबै कुरा थाहा नहुन सक्छ अथवा सेवा प्रवाह गर्दाको तवर तरिका गाउँपालिकावासीको अनुकुलतामा नहुन सक्छ त्यसमा गाउँपालिकालाई सुधारका लागि तत्कालै सल्लाह सुझावको अपेक्षा राखेका छौँ । काम गर्दा कमीकजोरी जो कसैको पनि हुन्छ । सबै कुरा कुनै व्यक्तिले मात्र गर्न सकिदैन त्यसको लागि प्रत्येक वडा देखि पनि समय समयमा गाउँपालिकामा जानकारी गराएमा गाउँपालिकाले सुधार गर्नु पर्ने विषय तथा कामकाजको तवर तरिकामा परिवर्तन गरी जनताकै अनुकुलतामा काम गर्ने छौँ । समयमै सल्लाह सुझाव भएमा सुधार गर्ने सक्ने सम्मकोलाई मौका दिने र सुधार गर्न र गराउन नसकिने जस्ता विषयलाई कारबाहीको प्रक्रिया अघि बढाउने छौँ । कर्मचारी र जनप्रतिनिधि जनताका शासक होइन सेवक हुन । त्यस कारण सत्य, तथ्यमा रहि गाउँपालिकालाई गुनासो तथा सुझाव समयमै जानकारी गराउनु होला ।

**उपाध्यक्ष श्री सविना बुढा**

साचो मन र निःस्वार्थ समुदायको भलोलाई सोचि गाउँपालिकालाई तथ्यका आधारमा गुनासो, सुझाव तथा उजुरी दिनु सक्नु हुने छ । तर, कुनै व्यक्तिगत स्वार्थका लागि अराजक ढंगले विषयवस्तुलाई ख्याल नराखि सुझाव र गुनासोले कसैलाई पनि फाइदा हुदैन उल्टो नकारात्मकका कुरा मात्र सिर्जना हुने गर्दछ । नीति, नियम भन्दा माथि कोही हुँदैनन त्यस कारण नीतिगत कुरामा अंगाली हामी सबै हातेमालो गरी गाउँपालिकाको विकासमा बल पुग्ने विषयमा केन्द्रीत भएर अघि बढौँ ।

**अध्यक्ष श्री होमप्रकाश श्रेष्ठ :**

सारशंमा सबै कुरा आइसकेका छन् । त्यसमा केही कुरा मात्र जोड्न चाहान्छु । विकास निर्माण कस्तो तवर तरिकाबाट गरौँ भन्ने कुरा कुनै गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधिको मात्र कार्यक्षेत्र र अधिकारमा पर्दैनन् । मुख्य स्थानीयवासीको सल्लाह, सुझाव अनुसार नै योजना निर्माण भइरहेको छ । चुनावमा हजुरहरुले नै राख्नु भएका माग अनुसार नै गाउँपालिकाले काम गरिराखेको छ । थप पुनः ताजकीय गर्न हरेक नयाँ आर्थिक वर्षमा के नीति तथा कार्यक्रम ल्याउने हो भन्ने कुरामा वडाबाटै योजना तर्जुमा, पालिकामा फेरी सर्वपक्षीय, सर्वदलीय अन्तरक्रिया गराई त्यसबाट आएका सुझावलाई नै नीति तथा कार्यक्रम बनाइ हरेक नयाँ आर्थिक वर्षको योजना तयार गरी कार्यन्वयन गर्ने गरेका छौँ । खास गरी काम गर्दा त्यसको लेखाजोखा राख्न अनुगमनले धेरै महत्व राख्ने गर्दछ । र सार्वजनिक सुनुवाई लगायत कुराको पनि महत्व रहेको छ । यी कामलाई पनि थप निरन्तरतामा मात्र नभई हरेक वडा र गाउँमा पुग्ने कोशिस गरिराखेका छौँ । वडावडाबाट आएका यी सुझावका आधारमा गाउँपालिका

सधैँ अग्रसर भएर अघि बढी रहेको छ ।  खासमा संघीयता पूर्ण रुपमा कार्यन्वयन नभइरहेको अवस्थाले तीन तहको सरकार बिचको सहकार्यमा केही तालमेल नमिल्दा स्थानीय सरकारको योजनालाई असर पर्ने गरेको देखिएको छ ।


**कार्यक्रमका केही झलकहरु :**











SUNDAY
आइतबार
MONDAY


सार्वजनिक सुनुवाई कार्यक्रम

